

## दही चिउराको संस्कृति र असार

✍ उत्तमप्रसाद भट्टराई (३)


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**



दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९






जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY





purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



❑ वर्ष-२१ ❑ अंक - १७६ ❑ २०८३ असार २१ गते आइतबार ❑ Sunday, 5 July, 2026 ❑ मूल्य ७ /-


## दूग्ध किसानलाई ४१ करोड भुक्तानी

दमक/ सरकारले दुग्ध किसानलाई दूध बिक्रीबापत तिर्न बाँकी रहेको रकममध्ये करिब ४१ करोड रूपैयाँ भुक्तानी गरिसकेको जनाएको छ ।

प्रवक्ता पोखरेलले सरकारले स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले सञ्चालनमा ल्याएको फ्री हेल्थ पोर्टल मार्फत हालसम्म करिब दुई हजार नागरिकले सेवा लिइसकेको जानकारी पनि दिए ।

उनका अनुसार १७ वैशाख २०८३ सम्म दूध खरिदबापत किसानलाई तिर्न बाँकी रकम ६७ करोड बाँकी ४ पेजमा ▸▸

## कन्काई नदीबाट बालकको उद्दार

दमक/ कन्काई नदीमा बगेका बालकको उद्धार गरिएको छ । सनिवार दिउँसो २ बजे कनकाई नगरपालिका वडा नं. २ भुरूङ्गास्थित कनकाई नदीमा बग्दै गरेका तत्काल वतन नखुलेका बर्ष अन्दाजी ९ का सुनिल लिम्बू नामथर बताउने बालकको उद्धार गरिएको हो । खोलामा बग्दै आइरहेको अवस्थामा स्थानीयवासीले देखेर बालकलाई उद्धार गरी किनारामा ल्याएका थिए ।

इलाका प्रहरी कार्यालय सुरूङ्गामा जानकारी गराउनसाथ प्रहरी बरिष्ठ नायव निरीक्षक रबि राईको कमाण्डमा टोली खटिएर ती बालकलाई उपचारको लागि कनकाई नगर अस्पताल सुरूङ्गा पठाइएको छ ।

## दुर्घटनामा एक बृद्धको मृत्यु

दमक/ मोरङमा सिटी अटो दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएको प्रहरीले जनाएको छ । मोरङको लेटाङ नगरपालिका-५ कानेपोखरीस्थित सडकमा अनटेस्ट सिटी अटो अनियन्त्रित भई दुर्घटना भएको हो । शनिबार दिउसो कानेपोखरीबाट लेटाङतर्फ जाँदै गरेको अवस्थामा उक्त सिटी अटो दुर्घटना भएको प्रहरीले जनाएको छ । अटोमा चार जना सवार रहेको र दुर्घटनास्थलमा सबै घाइते रहेको प्रहरीले जनाएको छ ।

### समीक्षामा सरकारका सय दिन

# सुशासन र संरचनागत सुधारको दावी

◆ शिक्षा र प्रशासनिक क्षेत्रको दलीय सिन्डिकेटलाई धक्का ◆ दलीय भ्रातृ संगठन र ट्रेड युनियनको खारेजी ◆ कर्मचारी एवं प्राध्यापकलाई दलगत राजनीतिबाट छुटकारा ◆ परीक्षा परिणाम सार्वजनिक गर्ने निश्चित समयसीमा ◆ उच्च पदस्थ पदाधिकारीको सम्पत्ति छानबिन गर्न आयोग

✍ विमल लामिछाने

दमक/ प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा वर्तमान सरकार गठन भएको एक सय दिन पूरा भएको छ । परम्परागत राजनीतिक ढर्रा र दलीय भागबन्डाको जीर्ण संस्कृतिलाई चिर्दै राज्य संयन्त्रमा थिति बसाल्ने संकल्पसहित आएको यो सरकारको 'हनिमुन पिरियड' नीतिगत र संरचनागत सुधारका दृष्टिले निकै ऊर्जावान् र बहसपूर्ण रहन गयो ।

सरकारले आˆ नो सुरूवातसँगै अघि सारेको सय बुँदे कार्ययोजनाको जगमा सुशासन, पारदर्शिता र सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाउने एउटा बलियो प्रस्थान विन्दु तयार गरेको छ ।

विशेष गरी शिक्षा र प्रशासनिक क्षेत्रमा सरकारले लिएका रणनीतिक कदमहरूले दशकौँदेखिको दलीय सिन्डिकेटलाई कडा धक्का दिएका छन् । राजनीतिक नियुक्तिहरूमा पारदर्शिता स्थापित गर्दै राजदूतजस्ता गरिमामय पदहरूमा खुला प्रतिस्पर्धाको प्रक्रिया अघि बढाउनु र आठ वटा विश्वविद्यालयका उपकुलपतिहरु राजनीतिक हस्तक्षेपविना, विज्ञ समितिमार्फत एकैपटक नियुक्त गरिनु शासकीय सुधारका ऐतिहासिक कोशढुङ्गा हुन् भन्न सकिन्छ । विश्वविद्यालय र निजामती प्रशासनबाट बाँकी ४ पेजमा ▸▸

## सरकारले गऱ्यो सयदिने उपलब्धि सार्वजनिक

दमक/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता बालेन शाह नेतृत्वको सरकारले सनिवार सय दिने उपलब्धि सार्वजनिक गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्री परिषद् कार्यालयमा शनिबार पत्रकार सम्मेलन गरी सरकारले गरेका कामहरूको समीक्षासहित सय दिनमा भएका उपलब्धिहरु सार्वजनिक गरेको छ ।

जेनजी आन्दोलनपछि गत फागुन २१ मा सम्पन्न निर्वाचनपछि चैत १३ गते शाहको नेतृत्वमा सरकार गठन भएको थियो । सुशासन र पारदर्शितालाई प्राथमिकतामा राखेर गठन भएको सरकारले सय दिनमा गर्ने कामहरूको सूची सार्वजनिक गरेको थियो ।

मन्त्रालयको संख्या कटौती र अनावश्यक दरबन्दी हटाउने प्रयास, सेवाप्रवाहमा सुधारका कदम र प्रक्रियागत झन्झट घटाउने थालनी, कानुन सुधार प्राथमिकतामा र सयभन्दा बढी कानुन संशोधन गृहकार्य, भ्रष्टाचार र वित्तीय अपराधमा आक्रामक छानबिन, सेवाप्रवाह र निर्णय प्रक्रियामा सुधार तथा कर्मचारी सरूवामा पहिलोपटक अनलाइन प्रणालीको थालनीलगायतलाई समेटेर सरकारले गरेका कामको सुची तयार पार्ने काम भएको प्रधानमन्त्रीको सचिवालयका एक सदस्यको भनाइ छ ।

बालेन नेतृत्वको सरकारले २०४८ पछि सत्ता र शक्तिमा पुगेका उच्चपदस्थ अधिकारीहरूको सम्पत्ति छानबिनका लागि आयोग गठन, १ हजार ५९४ राजनीतिक नियुक्ति खारेज, कर्मचारी ट्रेड युनियन र विश्वविद्यालयबाट स्ववियु खारेजी, स्थानीय तहको प्रमुख प्रशासकीयको समस्या अन्त्य, सिंहदरबार र काठमाडौंका पहुँचवाला कर्मचारी विस्थापन, कानुनबमोजिम सुविधा पाउनेबाहेकका कर्मचारीको सवारी सुविधा कटौती, सहकारी समस्या समाधानको पहल र सरकारी र सार्वजनिक जग्गा फिर्ताको प्रयासलाई सरकारले आˆ नो उपलब्धिका रूपमा समेटेको बताइएको छ ।

# बर्डफ्लुबाट प्रभावित किसानलाई ५० करोड निकासा

दमक/ कृषि, वन तथा वातावरण मन्त्रालयले बर्डफ्लुबाट प्रभावित किसानलाई क्षतिपूर्ति वितरण गर्न पशुसेवा विभागलाई रू ५० करोड निकासा गरेको छ ।

बर्डफ्लु सङ्क्रमण पुष्टि भएका ११ जिल्लामा नष्ट गरिएका पन्छी, अण्डा तथा दानाको क्षतिपूर्ति उपलब्ध गराउन मन्त्रालयले रकमान्तरमार्फत उक्त रकम विभागलाई हस्तान्तरण गरेको हो । बर्डफ्लुका कारण आर्थिक क्षति बेहोरेका किसानलाई राहतस्वरूप क्षतिपूर्ति वितरण गर्न विभागले मन्त्रालयसँग बजेट माग गरेको थियो ।

पशुसेवा विभागका प्रवक्ता डा. मुकुल उपाध्यायका अनुसार निकासा भएको रकमबाट प्रमाणित क्षतिको आधारमा प्रभावित किसानलाई क्षतिको ७५ प्रतिशतसम्म क्षतिपूर्ति प्रदान गरिनेछ ।

झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन र नवलपरासी, काठमाण्डौं लगायतमा हालसम्म करिब सात लाख पन्छी, ११ लाख अण्डा तथा तीन लाख किलोग्राम दाना नष्ट गरिएको छ । यसबाट करिब रू ७० करोड बराबरको आर्थिक क्षति भएको विभागले जनाएको छ । बर्डफ्लु रोग नियन्त्रण (चौथो संशोधन) निर्देशिका, २०७४ अनुसार प्रमाणित क्षतिको मूल्या□नपछि नष्ट गरिएका पन्छी, पन्छीजन्य पदार्थ तथा उत्पादन सामग्रीको क्षतिको ७५ प्रतिशतसम्म सम्बन्धित धनीलाई क्षतिपूर्ति उपलब्ध गराउने कानुनी व्यवस्था रहेको छ ।

गत चैतदेखि पूर्वी नेपालबाट फैलिन सुरू भएको बर्डफ्लु सङ्क्रमण हाल ११ जिल्लामा विस्तार भएको छ । भाइरसको स्वरूप परिवर्तन हुन सक्ने जोखिमलाई ध्यानमा राख्दै सम्भावित थप सङ्क्रमण रोक्न संक्रमित क्षेत्रमा पन्छी, अण्डा तथा दाना नष्ट गर्ने कार्य जारी रहेको प्रवक्ता उपाध्यायले बताए । रोग नियन्त्रणलाई बाँकी ४ पेजमा ▸▸

# एसियन हाइवेको काम आधा बाँकी



दमक/ काँकडभिट्टा-लौकही सडकको पूर्वी खण्डको तीन वर्षे ठेक्का संझौता अनुसार दुई वर्ष ९ महिना बितिसक्दा मात्र ४६ प्रतिशत काम भएको हो । काँकडभिट्टादेखि केर्खा सितापुरीसम्मको ४५ किलोमिटर सडकखण्डमा अहिलेसम्म दुवैतर्फ मात्र १४ किलोमिटर सडक कालोपत्रे भएको छ ।

संझौता सकिन ३ महिना बाँकी रहँदा सडक निर्माणको आधा काम पनि सकिएको छैन । सडक निर्माणको गति सुस्त भइरहँदा पुलको काम अझ कम मात्रामा भएको छ । ठूला पुलहरू कन्काई , बिरिङ र निन्दाको भौतिक प्रगति २७ प्रतिशत भएको काँकडभिट्टा( लौकही सडक आयोजना पूर्वी खण्डले जनाएको छ । निन्दा, बिरिङ, कन्काई पुलको प्याकेज ४ को प्रगति २७ प्रतिशत भएको हो । यो प्याकेजमा स्टील आर्कको स्ट्रक्चर सेप्टेम्बर महिनाबाट बाँकी ४ पेजमा ▸▸

## एमालेसँग तत्काल एकता सम्भव छैन : प्रचण्ड





बुटवल। नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले एमाले अध्यक्ष केपी शर्मा ओलीको पछिल्लो व्यवहार र अभिव्यक्तिका कारण एमालेसँग तत्काल पार्टी एकता सम्भव नरहेको बताएका छन्।

शनिबार बुटवलमा आयोजित लुम्बिनी प्रदेशस्तरीय भेला तथा प्रशिक्षण कार्यक्रममा उनले विगतको पार्टी एकता किन विफल भयो भन्ने गम्भीर समीक्षा नगरी पुनः एकता गर्दा उही गल्ती दोहोरिन सक्ने बताए। प्रचण्डले कार्यकर्तालाई एमालेसँग तत्काल एकता हुने भ्रममा नपर्न आग्रह गर्दै विचार मिल्ने दुई-तीन साना राजनीतिक दलसँग भने छिट्टै एकता प्रक्रिया अघि बढ्ने जानकारी दिए। ती दलको नाम भने उनले खुलाएनन्। उनले संसदमा सरकारका गलत नीति र निर्णयविरूद्ध अन्य दलसँग कार्यगत सहकार्य हुन सक्ने स्पष्ट पार्दै त्यसलाई पार्टी एकताको रूपमा नबुझ्न आग्रह गरे।

## गृहमन्त्री गुरूङले गरे निरीक्षण

दमक/ गृहमन्त्री सुधन गुरूङले सनिवार विराटनगर जिल्ला प्रशासन कार्यालय मोरङको नवनिर्मित भवन निरीक्षण गरेका छन् । निरीक्षणका क्रममा उनले मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलसँग जिल्लाको समग्र वस्तुस्थितिबारे जानकारी लिएका थिए ।

भवनको अवलोकनपछि प्रमुख जिल्ला अधिकारीसँग कुराकानी गर्दै गृहमन्त्री गुरूङले प्रशासनको स्वामित्वमा पर्याप्त जग्गा रहेकाले एउटै परिसरबाट एकीकृत सेवा प्रवाह गर्न सके सेवाग्राहीलाई सहज हुने बताए ।

उनले भने, 'मलाई यहाँ यति धेरै जग्गा छ भन्ने थाहै थिएन, निरीक्षणका क्रममा प्रत्यक्ष देखें । जग्गा पर्याप्त रहेछ, एउटै भवनबाट सबै सेवा प्रवाह गर्ने गरी व्यवस्थापन मिलाउन सके सेवाग्राहीलाई धेरै सहज हुने थियो ।' उनले भने । उनी सनिवार बिहान ११ बजे विराटनगर विमानस्थलमा अवतरण गरेका थिए ।


दमक नगरपालिका दमक झापाको

**जनहितमा जारी सूचना**

**झाडापखाला, हैजा र डेंगुबाट बचौं**




- सधैं पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं ।
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई) मा ध्यान दिऔं ।
- बासी सढेगलेका खानेकुरा नखाऔं ।
- खानालाई छोपेर राखौं ।
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यान पुऱ्याऔं ।

*साथै* खुल्ला रुपमा दिसापिसाव नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र दिसापिसाव गरिसकेपछि साबुनपानीले मिचि मिचि हात धोऔं ।

**डेंगी रोगबाट बच्न :**

- आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएको हुँदा पानी जम्न नदिऔं ।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं ।
- जुनसुकै बेला सुत्दा झुलको प्रयोग गरौं ।
- पुरै शरिर ढाक्ने लुगा लगाऔं र सचेत रहौं ।




# एउटै वडाका ६० घर पहिरोको जोखिममा

पाँचथर । अविरल वर्षासँगै पहिरो जाँदा पाँचथरको हिलिहाङ गाउँपालिकाको एउटै वडाका ६० घर जोखिममा परेका छन् । यही असार ४ र ५ गते अत्यधिक वर्षा भएपछि हिलिहाङ(५ सुभाङको बस्ती पहिरोको जोखिममा परेको हो ।

पहिरोले घर भत्काएपछि मालबासे टोलका दुर्गामणि खुदाङ, शर्णकुमार केरूङ, गजवीर खुदाङ र हेमकुमार पदालुङको परिवार विस्थापित भएको छ । उनीहरूलाई अन्यत्र बसोबासको व्यवस्था गरी राहत वितरण गरिएको वडाध्यक्ष बिर्खबहादुर सुहाङले जानकारी दिए । यस्तै नगेन्द्र ओझा, गोपाल गजमेर, किरण खुदाङ र सुष्मा माबोको परिवार पनि पहिरोका कारण विस्थापित भएको छ ।

पहिरोका कारण यहाँ रहेको मृदङ्गा झरना विद्यालयसमेत जोखिममा छ । बाढी पहिरोका कारण यस वडाका सबै सडक क्षतिग्रस्त बनेका छन्। खानेपानीका योजनासमेत अवरूद्ध भएका छन् । मुहानमा क्षति पुग्दा ६ सिँचाइ योजना र पाँच खानेपानी योजना अवरूद्ध छन् ।

हिलिहाङ गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा विपद्का कारण क्षतिग्रस्त संरचनाको मर्मत तथा पुनर्निर्माणका लागि कार्यक्रम तय गरेको बाँकी ४ पेजमा ▸▸

## प्राकृतिक विपद्मा परेर ४६२ जनाको मृत्यु

झापा । नेपालमा पछिल्लो एक वर्षको अवधिमा विपद्जन्य घटनामा परेर ठुलो मानवीय र भौतिक क्षति भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । चालु आर्थिक वर्षको साउनदेखि असार १७ गतेसम्म प्राकृति विपद्मा परी ४६२ जनाले ज्यान गुमाएका छन् ।

तीमध्ये सबैभन्दा बढी आगलागीको घटनामा परी १०४ जनाको ज्यान गएको प्राधिकरणकी प्रवक्ता शान्ति महतले जानकारी दिइन् । उनले प्राधिकरणमा देशभरबाट कुल सात हजार ९८९ वटा विपद्का घटना दर्ता भएको बताईन् । ती घटनामा १८ जना बेपत्ता रहेका प्राधिकरणको तथ्यांकमा उल्लेख छ ।

प्राकृतिक विपद्का कारण दुई हजार १७८ जना घाइते भएका छन् भने १२ हजार ९८४ परिवार प्रत्यक्ष बाँकी ४ पेजमा ▸▸

# सम्पादकीय

## कोशी प्रदेशको विकास र वित्तीय विचलन

संघीयताको मुख्य मर्म नै सिंहदरबारको अधिकार र विकासलाई जनताको घरदैलोसम्म पुऱ्याउनु हो । तर, संघीय संरचनाको बलियो खम्बा मानिएको प्रादेशिक सरकारको वित्तीय अवस्था र कार्यशैली हेर्दा यो व्यवस्थामाथि नै प्रश्न उठ्ने गम्भीर संकेतहरु देखिन थालेका छन् । हालै सार्वजनिक भएका नेपाल राष्ट्र बैंकको प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन, महालेखा परीक्षकको कार्यालयको प्रतिवेदन र कोशी प्रदेशकै आर्थिक सर्वेक्षणका तथ्यांकहरुले कोशी प्रदेश सरकारको निराशाजनक चित्र सार्वजनिक गरेका छन् । आन्तरिक आम्दानी बढाउन नसक्नु, प्राप्त अनुदान पनि खर्च गर्न नसकेर फिर्ता पठाउनु र विकास खर्च निरन्तर ओरालो लाग्नुले प्रदेश सरकारको कमजोर वित्तीय क्षमता र सुस्त कार्यशैलीलाई छताछुल्ल पारेको छ । प्रशासनिक र चालु खर्चको हिस्सा निरन्तर बढ्दै जानु तर जनताको जीवनस्तरसँग जोडिएको पुँजीगत खर्च खुम्चिँदै जानु प्रादेशिक अर्थतन्त्रका लागि अत्यन्तै घातक संकेत हो ।

कोशी प्रदेशले हालसम्म आफ्नो आन्तरिक राजस्व ५ अर्ब रूपैयाँसमेत उठाउन सकेको छैन । यो तथ्यांकले प्रदेश सरकार संघीय सरकारले दिने समानीकरण, सशर्त, विशेष र समपूरक अनुदानमा कति अत्यधिक निर्भर छ भन्ने स्पष्ट पार्छ । त्योभन्दा लाजमर्दो विषय त संघबाट प्राप्त भएको अनुदानसमेत समयमै खर्च गर्न नसकेर ठुलो रकम संघीय सरकारलाई नै फिर्ता गर्नु परिरहेको छ । आर्थिक वर्ष २०८१/०८२ मा मात्रै प्रदेश सरकारले ३ अर्ब ३० करोड रूपैयाँ अनुदान फिर्ता गरेको थियो भने चालु आर्थिक वर्षमा पनि डेढ अर्ब रूपैयाँभन्दा बढी बजेट फिर्ता जाने आर्थिक मामिला मन्त्रालयकै अनुमान छ । एकातिर बजेट अभाव भयो भन्दै विकासका योजना रोकिने, अर्कोतिर आएको बजेट पनि खर्च गर्न नसकेर फिर्ता जाने यो विरोधाभासपूर्ण अवस्था प्रशासनिक र राजनीतिक अक्षमताको पराकाष्ठा हो ।

तथ्यांकलाई गम्भीरतापूर्वक केलाउने हो भने पछिल्ला तीन आर्थिक वर्षमा मात्रै कोशी प्रदेशको विकास खर्च करिब ४ अर्ब रूपैयाँले घटेको छ । आर्थिक वर्ष २०७९/०८० मा १८ अर्ब ११ करोड २५ लाख रूपैयाँभन्दा बढी पुँजीगत खर्च भएकोमा, आव २०८०/०८१ मा घटेर १६ अर्ब ३४ करोड २८ लाख र आव २०८१/०८२ मा आइपुग्दा थप खुम्चिएर १३ अर्ब ८२ करोड ६१ लाख रूपैयाँमा सीमित भएको छ । चालु आर्थिक वर्ष (२०८२/०८३) को जेठ मसान्तसम्म आइपुग्दा पुँजीगत बजेटतर्फ जम्मा ६ अर्ब ८३ करोड २३ लाख रूपैयाँ अर्थात् ३९ दशमलव ८ प्रतिशत मात्रै खर्च हुनुले असारे विकासको प्रवृत्ति र बजेट फ्रिज हुने निश्चिततालाई फेरि पनि पुष्टि गर्दछ । यही सुस्त गति कायम रहने हो भने आर्थिक वर्षको अन्त्यसम्म पनि विकास खर्च अघिल्लो वर्षको स्तरमा पुग्न कठिन देखिन्छ ।

विकास बजेटको यो ओरालो यात्राले केवल तथ्यांकलाई मात्र प्रभावित पारेको छैन, यसको प्रत्यक्ष मार प्रदेशका सडक, पुल, खानेपानी, सिँचाइ, विद्यालय तथा अस्पताल भवन निर्माणजस्ता आधारभूत पूर्वाधार आयोजनाहरुमा परेको छ । कतिपय महत्वपूर्ण आयोजनाहरु बजेट अभाव र कार्यान्वयनको सुस्त गतिका कारण अलपत्र परेका छन् । जनताले संघीयताको प्रत्यक्ष लाभ पाउने भनेकै यस्तै पूर्वाधारका विकासबाट हो, तर सरकार भने साधारण खर्च, प्रशासनिक सञ्चालन, र तलब(भत्ताजस्ता चालु खर्च बढाउनमै मस्त देखिन्छ । अब पनि कोशी प्रदेश सरकारले आफ्नो कार्यशैली नसच्याउने हो भने प्रादेशिक संरचनाको औचित्यमाथि नै सर्वसाधारणले औँला ठड्याउने बेला नआउला भन्न सकिँदैन । सरकारले तत्काल आफ्नो नीतिगत र संरचनागत ढिलासुस्तीलाई सुधार्नुपर्छ । आन्तरिक राजस्वका दायराहरु बढाएर आत्मनिर्भरताको बाटो पहिल्याउनु अहिलेको आवश्यकता हो ।

## महिलामा हुने क्यान्सरका सुरूवाती ६ लक्षण

**यौनीबाट असामान्य रक्तश्राव** : डिम्बवाहिनी नलीको ९० प्रतिशत क्यान्सर असामान्य अर्थात् अनियमित रक्तश्रावपछि मात्र पत्ता लाग्ने गरेको पाइएको छ । यदि तपाईंको पहिले नै महिनावारी सुकेको छ भने वा कुनै रक्तश्राव पनि भएको छ भने त्यसको परीक्षण हुनु पर्छ ।

**कारणबिनै तौल घट्नु** : यदि पहिले तौल बढी थियो वा मोटोपना थियो । तर कुनै व्यायाम र खाना नियन्त्रणबिना नै तौल घटेको छ भने क्यान्सरको जोखिम हुन सक्छ । अर्थात् कुनै व्यायामबिनै तपाईंको तौल १० किलो घटेको छ भने तुरून्त चिकित्सकसँग सल्लाह गर्नुहोस् ।

**थकाइ लागिरहनु** :व्यस्त जीवनमा सातामा एकपटक थकाइ लाग्न सक्छ । यस्तो थकाइ थोरै आरामले मेटिन्छ । तर, थकाइ तपाईंको कामसँग सम्बन्धित छ वा विना काम थकाइ लागिरहेको छ? यदि थोरै काम गर्दा पनि बढी थकाइ लागिरहेको छ भने डाक्टरकोमा गइहाल्नुस् ।

**भोक नलाग्नु** : तपाईंलाई भोक लाग्दैन? अर्थात् जतिबेला पनि अघाएको महसुस हुन्छ ? यस्तो भोक नलाग्नु डिम्बाशयको क्यान्सरको लक्षण पनि हुन सक्छ । चिकित्सकसँग सल्लाह लिइहाल्नुस् ।

**पेट फुल्नु** : महिनावारीका बेला पेट फुल्नुलाई सामान्य मानिन्छ । तर महिनावारी भएको दुई हप्तापछि पनि पेट फुलेको छ भने ओभरियन (डिम्बाशय)को क्यान्सरको संकेत हुन सक्छ । सचेत भइहाल्नुस् ।

**खुट्टा सुन्निनु** : तपाईंको एउटा खुट्टा मात्र सुन्निरहन्छ बिनाकारण? यो पाठेघरको मुखको क्यान्सरको खतरनाक संकेत हुन सक्छ । एउटा खुट्टा सुन्निने मात्र नभइ त्यसमा दुखाई पनि छ भने त्यो पनि पाठेघर क्यान्सरकै लक्षण हुन सक्छ ।

# दही चिउराको संस्कृति र असार



✍ उत्तमप्रसाद भट्टराई

**आजकल हाम्रा संस्कृति तोडमोड हुदैंछन् । पुराना संकृतीका स्थानमा नयाँ चलन भित्रिदैछ । संस्कृतीमा थपघट हुनु स्वभाविक मान्न सकिन्छ । तर दही चीउरा र किसान संस्कृतीमा नयाँ ढर्रा चलनले धान उत्पादन वृद्धि होला त ? सरकार र समाज अगुवाको मुख्य काम किसानका खेत बारिमा मल, बिउ पुगो(पुगेन अनुगमन गर्ने हो । मल नपुगेका स्थानमा सहयोगी हुनु हो । विधि र नीति मिलाउनु हो । जनसंख्या दिनानुदिन वढ्दैछ तर उत्पादन घट्दैछ । ०**

संस्कृति मेरो नाम र यस धराधाममा पाइला टेकेको मानिससँगै हो । उनिहरू बढ्दै गए । अनकन्टार भुगोलमा छरिए। म पनि उनिहरूसँग विविधरूपमा छरिएँ । र यस नेपाल खण्डमा उनिहरूसँग आउने अवसर पाँए । म धन्य भएँ । यहाँको भौगोलिक ढाँचा अद्भुत छ । वातावरणीय संरचना उत्कृष्ट छ । भुगोल सानो छ, तर जैविक विविधता भरिपूर्ण छन् । यस्तो भौगोलिक र जैविक विविधता संसारमा कतै पनि छैन । अतः यहाँ आउने अवसर मिलेकोमा म धन्य छु । गौरवान्वित छु । यहाँका मानिसका धर्म फरक छन् । भाषा फरक छन् । संस्कृति फरक छन । अतः म पनि हामी हुने अवसर पाएँ । हामीमा सुन्दर संस्कार छन् ।

जातजाती अनुसार हामी संस्कृतिमा पनि फरक छौं । हामी पँधेराबाट विकसित भएका हौं । झरनाको पानी गाग्रीमा खस्दा अनौठो स्वर निस्कियो । गाग्री भरिँदै जाँदा ध्वनी बदलिँदै गयो । गाग्री बोक्ने आमाको अनुहार उज्यालो भयो, हृदयमा उमङ्को नयाँ सन्देश आयो । त्यहाँ गुनगुनावट भयो, त्यहाँबाट गित बने, भाका बने, श्लोक बने । ती श्लोकमा संगीत थपियो । बाली भित्र्याउन खमार निर्माण भए । घरदेखी टाढा एउटा भुगोलका थिएँ, म । त्यसैले एकान्तता कटाउन गितका भाका बने, विवाहको चलन आयो । रातको समय कटाउन गित गाउन थालिए, बेउलाको घरमा, त्यहाँबाट एउट संस्कृतिको जन्म भयो । खाँडो जगाउने, श्लोक भन्ने परम्पराको विकास भयो, जग्गे घरमा । त्यहा अर्को संस्कृतिको विकास भयो । अर्को गाँउ, भुगोलमा बेग्लै संस्कृति निर्माण भए ।

बर्षा हुनुपूर्व खेत, बारी. खोरिया खनजोत गर्न थालियो । कामदारलाई खाजा(पानी कार्यस्थलमा पुऱ्याउन थालियो । खाजा खाने सस्कृतीको निर्माण भयो । त्यो चलन बढ्दै गयो, दही(चिउदा खाने चलन देखिन थालो । त्यो चलन सँधै सम्भव भएन होला ? बेलाबखतमा भए होलान ? दही(चिउरा साझा परिकार हो । खाँदै जाँदा, बढ्दै जाँदा डुल्दै जाँदा दहि चिउरा खाने दिनहरू मिल्दै गए. । तीनले उत्सवका रूप धारण गर्दै गए । समयको गति आफ्नै हुन्छ । असार पन्ध्रले एउटा नयाँ रूप लियो । दहि चिउरा खाने दिन आ(आ ँ नै थिए, तर कुनै एक दिनलाई विशेष दिन मान्दै जाँदा असार पन्ध्रमा दहि चिउरा ग्रहण गर्ने चलन रहन गएको पाइन्छ । त्यस दिन एउटा नयाँ संस्कृति निर्माण भयो । अरू दिन, समयका दही चिउराको एकटा स्वाद हुन्छ, त्यहा भोक मेटिन्छ, तर असार पन्ध्रमा खाएको दही चिउरामा बेग्लै स्वाद हुन्छ, त्यहाँ पारिवारिक स्नेह हुन्छ, वल्लो (पल्लो घरको सम्बन्ध नयाँपन थपिन्छ । त्यहाँ अर्को संस्कृतिको निर्माण भयो । यो मजवुत छ, अटुट छ र अटुट रहन्छ ।

अब यो संस्कृति धान रोपाइसँग सम्बन्धित हुन गयो । धान रोपाई र दही चिउरा खाने दिन परिपुरक हुँदै गए । नेपाल सरकारले आसार पन्ध्रलाई राष्ट्रिय धान दिवस घोषणा गरेपछि, अब भने संस्कृतिमा राजनीतिको प्रवेश भयो । अब संस्कृति भत्किन प्रारम्भ भयो । धान रोपाईको उद्घाटन र समापन गर्ने चलन चल्यो । त्यहाँ सरकारी प्रतिनिधि पुग्नु पर्ने अवस्था आयो । रोपाई स्थलमा नयाँ गाडी कुद्न थाले । महंगा इन्धन खपत भए । त्यहाँ विविध कार्यक्रम भए । खादा, मालाले अतिथि सिंगारिन्छन् । भाषणका धारा बग्छन् । कहिले हिलो नटेकेका नेता बिउ लिएर हिलोमा पस्छन् । पोज मिलाएर फोटा खिचिन्छन् । राष्ट्रिय धान दिवस सफल भयो, घोषणा हुन्छ ।

बिभिन्न संस्थाले धान दिवस मनाउँछन्। त्यहाँ व्यक्तिगत खर्च हुन्छ, अरू सबै दर्शक सबै उस्तै हुन्छन् । अब दहि चिउराको संस्कृति कायम रह्यो कि रहेन ? एउटा प्रश्न अगाडी आयो । त्यस्ता औपचारिक कार्यक्रमले न धानको उत्पादन वृद्धि हुन्छ, न संस्कृतिको रक्षा हुन्छ ।

आजकल हाम्रा संस्कृति तोडमोड हुदैंछन्। पुराना संकृतीका स्थानमा नयाँ चलन भित्रिदैछ । संस्कृतिमा थपघट हुनु स्वभाविक मान्न सकिन्छ । तर दही चीउरा र किसान संस्कृतिमा नयाँ ढर्रा चलनले धान उत्पादन वृद्धि होला त ? सरकार र समाज अगुवाको मुख्य काम किसानका खेत बारिमा मल, बिउ पुगो, पुगेन अनुगमन गर्ने हो । मल नपुगेका स्थानमा सहयोगी हुनु हो । विधि र नीति मिलाउनु हो । जनसंख्या दिनानुदिन वढ्दैछ तर उत्पादन घट्दैछ । सरकारी प्रतिनिधिले त्यस विषयमा अनुसन्धान गर्ने हो, गराउँने हो । नमिलेका विषय मिलाउने हो । सरकारी फजुल खर्च घटाएर मल, विउ, सिंचाइमा राष्ट्रिय बजेट वृद्धि गर्नुपर्ने टड्कारो अवस्था छ । दिवस मनाउने नाममा पुराना प्रथा चलनमा दाग लगाउनु उचित हुँदैन, त्यसकारण संस्कृतिलाई आफ्नो हिसाबमा बग्न दिनुपर्छ ॥ अस्तु ॥

## महिलाका लागि "ब्लु बस" सञ्चालन हुँदै

दमक/ सरकारले महिलाको सुरक्षित सार्वजनिक आवागमन सुनिश्चित गर्ने उद्देश्यले आगामी साउन १ गतेदेखि काठमाडौं उपत्यकामा 'ब्लु बस' सेवा सञ्चालन गर्ने तयारी गरेको छ । पहिलो चरणमा उपत्यकाका तीन प्रमुख रूटमा आठ वटा बस सञ्चालन गरिनेछ भने क्रमशः सेवा विस्तार गर्दै देशभर २५ वटा बस सञ्चालनमा ल्याउने सरकारको योजना छ ।

सरकारको १०० बुँदे शासकीय सुधार कार्यसूचीअन्तर्गत समावेश गरिएको यो कार्यक्रम महिलामैत्री सार्वजनिक यातायात सेवाका रूपमा अघि बढाइएको हो । प्रारम्भिक चरणमा सेवा काठमाडौं उपत्यकाबाट सुरू हुने भए पनि आगामी दिनमा सातै प्रदेशमा विस्तार गर्ने लक्ष्य राखिएको पूर्वाधार विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका प्रवक्ता रामहरि पोखरेलका अनुसार सेवा सञ्चालनका लागि साझा यातायातले अर्थ मन्त्रालयसँग आवश्यक राय तथा सहमति मागिसकेको छ । स्वीकृति प्राप्त भएपछि साउन १ गतेदेखि नियमित रूपमा 'ब्लु बस' सञ्चालन गरिनेछ ।

पहिलो चरणमा लगनखेल(बुढानिलकण्ठ रूटमा दुई वटा, थानकोट(नागढुङ्गा( त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल रूटमा दुई वटा तथा चक्रपथमा चार वटा बस सञ्चालन हुनेछन् । चक्रपथमा चल्ने चार बसमध्ये दुई वटा घडीको दिशामा ( क्लकवाइज) र दुई वटा विपरीत दिशामा (एन्टिक्लकवाइज) सञ्चालन गरिनेछ ।

**राष्ट्रिय स्वतन्त्र पार्टीको अवधारणा अनुसार यस अघि चितवनबाट अगाडि सारेको ब्लु बस सञ्चालनमा ल्याउन लागेको हो । त्यो सेवा दीर्घकालीन रुपमा निरन्तर सञ्चालन हुन सकेको थिएन। अहिले भने सरकारले सो कार्यक्रमलाई संस्थागत गर्दै काठमाडौंबाट औपचारिक रुपमा सेवा सुरू गर्न लागेको हो ।**

सरकारका अनुसार महिलाले सार्वजनिक यातायातमा भोग्दै आएका असुरक्षा, दुर्व्यवहार र असहज अवस्थालाई ध्यानमा राख्दै यो सेवा सुरू गर्न लागिएको हो । सरकारले यसलाई सुरक्षित, सहज र विश्वसनीय सार्वजनिक यातायात सेवाको नमुनाका रूपमा विकास गर्ने लक्ष्य लिएको छ ।

यो अवधारणा राष्ट्रिय स्वतन्त्र पार्टीले अघि सारेको योजनामा आधारित रहेको जनाइएको छ । यसअघि सो पार्टीले चितवनमा पनि यस्तै प्रकृतिको सेवा सञ्चालन गर्ने प्रयास गरेको थियो । तर, त्यो सेवा दीर्घकालीन रूपमा निरन्तर सञ्चालन हुन सकेको थिएन। अहिले भने सरकारले आफ्नै कार्यक्रमअन्तर्गत त्यसलाई संस्थागत गर्दै काठमाडौंबाट औपचारिक रूपमा सेवा सुरू गर्न लागेको हो ।

## स्थानीय तहलाई विद्यालय गाभ्ने अधिकार

### शिक्षक सरूवामा पनि नयाँ नियम

दमक / सरकारले विद्यार्थी संख्या न्यून भएका सामुदायिक विद्यालयलाई समायोजन (मर्ज) गर्ने, शिक्षक सरूवा प्रणालीलाई व्यवस्थित बनाउने तथा विद्यालय व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्देश्यसहित शिक्षा नियमावली (१०औँ संशोधन) स्वीकृत गरेको छ ।

बिहीबार मन्त्रिपरिषद्बाट स्वीकृत संशोधित नियमावलीले स्थानीय तहलाई विद्यार्थी संख्या, भौगोलिक अवस्था, जनसंख्या, पूर्वाधार र पहुँचका आधारमा विद्यालय सार्न, तह वा कक्षा घटाउन तथा दुई वा दुईभन्दा बढी विद्यालय गाभेर सञ्चालन गर्न सक्ने अधिकार दिएको छ ।

शून्य विद्यार्थी भएका विद्यालय एक वर्षभित्र अनिवार्य रूपमा समायोजन गर्नुपर्ने व्यवस्था गरिएको छ भने कक्षामा तोकिएको न्यूनतम विद्यार्थी संख्या नपुगेका विद्यालय पनि मर्ज गर्न सकिनेछ । यससँगै तराई( पहाडमा प्रति कक्षा न्यूनतम विद्यार्थी संख्या ४५ बाट ४० र हिमाली क्षेत्रमा ४० बाट ३० मा झारिएको छ, जबकि उपत्यकामा ५० विद्यार्थीको मापदण्ड यथावत् राखिएको छ ।

**विद्यालयबीच पैदल आधा घण्टाभन्दा कम दूरी, सडक पहुँच, न्यून घरधुरी, घट्दो जनसंख्या, उच्च बसाइँसराइ तथा स्थानीय तहले आवासीय विद्यालय सञ्चालन गर्न चाहेका अवस्थालाई पनि समायोजनका आधार बनाइएको छ ।**

विद्यालयबीच पैदल आधा घण्टाभन्दा कम दूरी, सडक पहुँच, न्यून घरधुरी, घट्दो जनसंख्या, उच्च बसाइँसराइ तथा स्थानीय तहले आवासीय विद्यालय सञ्चालन गर्न चाहेका अवस्थालाई पनि समायोजनका आधार बनाइएको छ ।

समायोजन भएका विद्यालयका शिक्षक तथा कर्मचारी स्वतः नयाँ विद्यालयमा व्यवस्थापन हुनेछन् भने अतिरिक्त दरबन्दी तीन महिनाभित्र जिल्ला वा केन्द्रमार्फत मिलान गरिनेछ । संशोधित नियमावलीले तीन वर्ष स्थायी सेवा पूरा गरेका शिक्षकलाई अर्को सामुदायिक विद्यालयमा सरूवा हुन सक्ने व्यवस्था पनि गरेको छ, यद्यपि अपांगता भएका, गर्भवती तथा दुई वर्षभन्दा कम उमेरका शिशु भएका महिलालाई यो व्यवस्था लागू हुने छैन ।

साथै, शिक्षकको लामो बिदा ४५ दिनबाट घटाएर ३० दिन कायम गरिएको छ भने रिक्त दरबन्दी व्यवस्थापन, विद्युतीय माध्यमबाट सरूवा आवेदन र शिक्षक छनोटका स्पष्ट प्राथमिकताका आधारसमेत तय गरिएको छ ।













# सरकारप्रतिको जनधारणा

दमक/ झापा, मोरङ र सुनसरीका अन्न उत्पादक किसान, इलामका चिया किसान, पाँचथरका अलैंची उत्पादक तथा पहाडी जिल्लाका फलफूल किसानले उत्पादनको उचित मूल्य, सिँचाइ, मल, बिउको सहज उपलब्धता र बजार सुनिश्चिततामा सरकारले देखाएको प्राथमिकतालाई सकारात्मक रूपमा लिएको इलामको फिक्कलका चिया उद्यमी उदय चापागाईंको भनाइ छ ।

कोशी राजमार्ग, मदन भण्डारी राजमार्ग, हुलाकी राजमार्ग, किमाथाङ्का-खाँदबारी सडकलगायतका आयोजना प्रदेशको आर्थिक विकाससँग प्रत्यक्ष सम्बन्धित छन् । संघीय सरकारले यस्ता आयोजनाको निर्माण र विस्तारका क्रममा नियमित अनुगमन गर्ने र निर्माणलाई गति दिन आफूमातहतका संयन्त्रलाई परिचालन गरेको पाइएको झापाका युवा व्यवसायी सन्दीप चापागाईंले बताए ।

सरकारले गठनलगत्तै सार्वजनिक गरेको शासकीय सुधारका एक सय कार्यसूचीमार्फत प्रशासनिक सुधार, भ्रष्टाचार नियन्त्रण, डिजिटल शासन, सार्वजनिक सेवा सुधार, कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार र आर्थिक पुनरूत्थानलाई प्राथमिकतामा राखेको थियो ।

प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वमा सरकार बनेको सय दिन पुग्दै गर्दा कोशी प्रदेशका नागरिक तथा पेसाकर्मी सघीय सरकारको नीति र काम गर्ने शैलीबाट निकै आशावादी भएका छन् ।

नागरिक समाज इटहरीका पूर्वअध्यक्ष तथा समाजसेवी सन्तबहादुर डुम्जनले नवगठित सरकारले सय दिनमा सुशासन, प्रशासनिक सुधार र विकासलाई गति दिने संकेत देखिएको बताए । 'जनअपेक्षा पूरा गर्ने क्रममा सरकारका प्रारम्भिक काम उत्साहजनक देखिए पनि कतिपय विषयमा भने परिपक्कता प्रस्तुत गर्नुपर्ने छ ।'

उनले सरकारले उद्योग सञ्चालन, रोजगारी सिर्जना, कृषि उत्पादनको उचित मूल्य निर्धारण, विकास आयोजना समयमा नै सम्पन्न गर्ने र सार्वजनिक सेवा सहज बनाउन अझ बढी ध्यान दिनुपर्ने पनि बताए ।

विगतका सरकारप्रति बढेको निराशाबिच बनेको राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाको नयाँ सरकारबाट नागरिकले फरक कार्यशैलीको अपेक्षा गरेको र सय दिनका क्रममा कोशी प्रदेशका आमसर्वसाधारणले केही क्षेत्रमा सकारात्मक सुरूवात महसुस गरेको इटहरीका समाजसेवी रवीन्द्र सुवेदीको भनाइ छ । सरकारी सेवा प्रवाहलाई व्यवस्थित बनाउने प्रयास, प्रशासनिक निर्णय प्रक्रियामा तीव्रता, विकास आयोजनाको नियमित अनुगमन र सुशासनलाई प्राथमिकतामा राख्ने गरी गरिएको प्रतिबद्धता अनुरूप सरकारी संयन्त्रले काम सुरू गरेको महसुस हुन थालेको उनको भनाइ छ । समाजसेवी सुवेदी भन्छन् "सुरूवात राम्रो छ, अब परिणाम बिस्तारै देखिँदै जाला ।"

राजनीतिक विश्लेषक केदार उप्रेती सरकारको सय दिनको काम मूल्यांकन गर्दा धेरै कार्यसूची कार्यान्वयनको चरणमा पुगेकाले सरकारप्रति जनअपेक्षा अझै बढेको बताउँछन् ।

इटहरीका व्यवसायी पीताम्बर भट्टराईले भने- "सामान्यतया जिल्ला प्रशासन कार्यालयमार्फत उपलब्ध गराइने राहदानी अहिले हुलाकमार्फत सेवाग्राहीलाई घर घरमा वितरण गर्ने थालिएको छरू। हो, सर्वसाधारणले खोजेको जनमुखी सेवा भनेको यही नै हो ।"

त्यस्तै कोशी प्रदेशभित्र रहेका यातायात व्यवस्था कार्यालय विराटनगर, इटहरी, धनकुटा, इलाम, उदयपुर र ओखलढुंगामार्फत यही अवधिमा २८ हजार सवारीचालक अनुमतिपत्र लाइसेन्स वितरण गरिएको तथ्यांक छरू। विगतमा बर्सौंदेखि लाइसेन्स छपाइ भएर वितरण हुन नसकेकोमा वर्तमान सरकारको सक्रियतामा लाइसेन्स छपाइ भएर सहज र सरल रूपमा सेवाग्राहीलाई वितरण गरिएपछि सरकारप्रति विश्वास र आशा अपेक्षा बढेको सर्वसाधारणको भनाइ छ।

कोशी प्रदेशको आर्थिक मेरूदण्ड मानिने मोरङ-सुनसरी औद्योगिक क्षेत्र अहिले पनि रोजगारी र उत्पादनको केन्द्र हो । लामो समयदेखि उद्योग क्षेत्रमा देखिएको मन्दी अन्त्य गरी उत्पादन बढाउने, लगानीमैत्री वातावरण बनाउने तथा निजी क्षेत्रसँग सहकार्य गर्ने सरकारी प्रतिबद्धता अनि त्यस क्रममा प्रारम्भ गरिएको सरकारी कामकारबाहीबाट उद्योगी व्यवसायीमा आशा जगाएको धरानका उद्योगी तथा अर्थ विश्लेषक कृष्णकुमार अग्रवाल बताउँछन् ।

सरकारको सय दिनको समीक्षा गर्दा सुशासनको पक्षलाई सबैभन्दा सकारात्मक रूपमा हेरिएको छरू। सार्वजनिक सेवामा पारदर्शिता, डिजिटल प्रणालीको विस्तार, मन्त्रालयमा मात्र नभई जिल्लास्तरीय सरकारी संयन्त्रको कार्यसम्पादन अनुगमन तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउने प्रयासले सरकार काम गर्न इच्छुक रहेको सन्देश दिएको विराटनगरका उद्यमी सीताराम अग्रवालको विश्लेषण छ।

**स्वास्थ्य**

# अल्जाइमरको जोखिम कम गर्न अण्डा उपयोगी



दमक/ सन्तुलित मात्रामा अण्डाको सेवनले दिमागलाई फाइदा पुऱ्याउने भए पनि आˆनो शरीरको आवश्यकता र स्वास्थ्य अवस्थालाई ध्यानमा राख्नु नै सबैभन्दा बुद्धिमानी निर्णय हुने चिकित्सकहरूको भनाई छ ।

एक अनुसन्धानले अण्डा सेवन र मस्तिष्कको स्वास्थ्यबीच सकारात्मक सम्बन्ध रहेको रोचक तथ्य बाहिर ल्याएको छ ।

एड्भेन्टिस्ट हेल्थ स्टडी-२ नामक प्रतिष्ठित अनुसन्धानका अनुसार हप्तामा ५ देखि ७ वटा सम्म अण्डा खाने वृद्धवृद्धाहरूमा अल्जाइमर ( बिर्सिने रोग)को जोखिम उल्लेखनीय रूपमा कम पाइएको छ ।

यो अनुसन्धान निकै विस्तृत र दीर्घकालीन रूपमा गरिएको थियो । अनुसन्धानकर्ताहरूले झन्डै ४० हजार व्यक्तिहरूलाई १५ वर्षसम्म निरन्तर पछ्याएर उनीहरुको खानपान र स्वास्थ्य अवस्थाको विश्लेषण गरेका थिए ।

विशेष गरी ६५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरूमा केन्द्रित यो अध्ययनले नियमित रूपमा हप्ताको ५(७ वटा अण्डाको सेवन गर्नेहरूमा अल्जाइमर रोग लाग्ने सम्भावना २७ प्रतिशतसम्म कम देखियो । उमेर बढ्दै जाँदा देखिने मानसिक ह्रास र बिर्सिने समस्या न्यूनीकरणमा अण्डामा पाइने पोषक तत्वहरु सहयोगी हुन सक्ने अध्ययनको निष्कर्ष छ ।

अध्ययनले सकारात्मक नतिजा देखाए पनि विज्ञहरूले सबैका लागि एउटै नियम लागू नहुने सचेत गराएका छन् । चिकित्सकहरुका अनुसार मधुमेह, उच्च रक्तचाप, वा मुटुको समस्या (उच्च कोलेस्टेरोल) भएका व्यक्तिहरूका लागि अण्डाको पहेँलो भागको बढी सेवन उपयुक्त नहुन सक्छ ।

यो अनुसन्धान विशेष उमेर समूह (६५ वर्षमाथि) मा आधारित भएकाले, सबै उमेर र स्वास्थ्य अवस्थाका व्यक्तिहरूले आˆनो स्वास्थ्य स्थिति हेरेर र चिकित्सकको सल्लाह लिएर मात्र अण्डाको मात्रा तय गर्नु उचित हुन्छ ।

**प्रेरक प्रसंग**

# मनको अहंकार

धैरै समयअघिको घटना हो । एक धार्मिक बिचारका राजा थिए । तर उनको मनमा भने कहिल्यै शान्ती हुँदैनथ्यो । तिनै राजासँग भेटघाट गर्न एकपटक एक साधु दरबारमा पुगे । साधुको स्वागत गर्न पाउँदा राजा खुसी भए । हृदयदेखिनै खुसीहुँदै राजाले भने साधु महाराज हजुरले मेरो दरबारमा पाइला राखेर यसलाई पवित्र तुल्याईदिनु भएकोछ । म हजुरलाई बिशेष भेट अर्पण गर्न चाहान्छु ।

भन्नुहोस् हजुरलाई के उपहार दिऊँ । राजाको अचानकको प्रश्नले साधु अचम्ममा परे । उनले भने महाराज मलाई कुनै उपहारको आबश्यक छैन् ।तैपनि हजुरले श्रदापूर्बक जे दिनुहुन्छ ,मलाई त्यहि स्वीकार्य छ । साधुको कुरा सुनेपछि हर्षित हुँदै राजाले भने साधु महाराज म हजुरलाई मेरो आधा राज्यसर्मपण गर्न चाहान्छु ।

राजाको प्रस्ताब सुनेर साधुले भने महाराज यो राज्य त यहाँका जनताको हो । राजा त केबल त्यसको संरक्षक हो ।

त्यसैले जुन कुरा हजुरको होइन , त्यो कसरी मलाई उपहार दिन सक्नु हुन्छ ?

साधुको प्रश्न सुनेर राजाले भने ठिकैछ । त्यसो भए म हजुरलाई यहि दरबार उपहार दिन्छु ।कृपया स्वीकारनुस् ।सुनेपछि साधुले भने महाराज यो दरबार त हजुरलाईराजकाज चलाउन सजिलोहोस् भनेर जनताले बनाइदिएका हुन । यसलाई तपाँई उपहारमा कसैलाई दिन सक्नु हुन्न ।साधुको भनाई सुने पछि राजाले भने त्यसो भए म आˆनो शरिर हजुरलाई उपहार दिन्छु ।

साधुले भने महाराज हजुरको यो शरिर महारानी , राजकुमार र राजकुमारीको हो । यसलाई हजुर कसैलाई पनि उपहारमा दिन सक्नु हुन्न ।साधुको कुरा सुनेर राजा चिन्तामा डुबे । राजालाई चिन्तित देखेर साधुले भने चिन्तित हुनु पर्ने कारण छैन महाराज हजुर आˆनो मनमा भएको अहंकार मलाई दिनुहोस् । किनकी अहंकार नै सबैभन्दा कडा बन्दन हो ।यसैका कारण हजुरको मनमा शान्ती छाउन नसकेको हो ।साधुका भनाईले राजाका आँखा खुले । उनले त्यसैदिनदेखि सम्पूर्ण अहंकार त्यागीदिए र शान्तीपूर्वक दिनहरू बिताउन थाले ।

## जीवन बदल्ने प्रेरणादायी भनाई

१०. जुन दिन तपाईं आफ्नो पूरा जिम्मेवारी लिनु हुन्छ, जुन दिन तपाईं बहाना बनाउन बन्द गर्नुहुन्छ, त्यसै दिन तपाईं शिखरतिरको यात्रा थाल्नुहुन्छ ।

- ओ.जे. सिम्पसन

९. कोशिश नगरेसम्म कसैलाई पनि मैले के गर्न सक्छु भन्ने थाहा हुदैन ।

- पब्लिलिएस साइरस

८. बाधा जति ठुलो हुन्छ, त्यसलाई पार गरेपछिको प्रसिद्धि पनि त्यति नै ठुलो हुन्छ । सक्षम जहाज चालक भयानक तुफानमा नै क्षमता विकास गर्छ ।

- एपिक्युरस

७. जित्ने मान्छे त्यही हो जसलाई मैले जित्न सक्छु भन्ने विश्वास छ ।

- राल्फ वाल्डो इमर्सन

६. भगवानले हामी कति काम गर्छौं भन्ने कुरा हेर्दैनन्, उनले त त्यो कामलाई कति प्रेमका साथ गर्छौं भन्ने हेर्छन् ।

- मदर टेरेसा

५. हामी मध्य हरेरकको दिमागमा करोडौं डलरको विचार भरिएको छ । समस्या यो हो कि प्रायः मानिसहरूलाई यो विचारलाई करोडौं डलरमा कसरी बदल्ने भन्ने थाहा छैन ।

- रोबर्ट कियोसाकी

४. अब यो सोच्ने समय होइन कि तपाईसँग के छैन । यो तपाईंहरूसँग जे जति छ यसबाट तपाईं के गर्न सक्नुहुन्छ ।

- अर्नेष्ट हेमिंग्वे

३. जुन कुरा मुटु देखि निस्कन्छ त्यही कुरा नै मुटुसम्म नै पुग्दछ ।

- स्यामुएल टेलर कलरीज

२. दुनियाँको समस्या यो हो कि मुर्खहरूमा गजवको आत्मविश्वास हुन्छ र बुद्धिमान व्यक्ती शंकाले भरिएको हुन्छ ।

- बर्ट्रेन्ड रसेल

१. जसले एक घण्टा मात्रै पनि समय बर्बाद गर्दछ भने उसले जिन्दगिको मुल्य बुझेको छैन ।

- चार्ल्स डार्विन

सकारात्मक कुरा शेयर गर्नु प्रतिष्ठाको कुरा हो, यसैले शेयर गर्न नभुल्नुहोला ।

- माथिको मध्य कति नं. को भनाइ तपाईंलाई विषेश लाग्यो र किन ? पूर्वसन्देशलाई पत्र पठाउनु होला ।

**विश्वकप विशेष**

# आत्मघाती गोलले बच्यो मेस्सीको टोली



फुटबलमा नाम होइन, प्रदर्शनले जितिन्छ भन्ने सत्यलाई विश्वकपको राउन्ड अफ ३२ ले फेरि एकपटक प्रमाणित गरिदियो । विश्वकपमा पहिलो पटक सहभागी भएको, फिफा वरीयताको ६७औं स्थानमा रहेको अफ्रिकी राष्ट्र काबो भर्डेले साविक विश्व च्याम्पियन अर्जेन्टिनालाई अन्तिम सिटी बज्दासम्म पसिना चुहायो । विश्व फुटबलको महाशक्ति अर्जेन्टिना अन्तिम १६ मा पुग्यो, तर त्यो यात्रा उसले अपेक्षा गरेजस्तो सहज थिएन। बरू एउटा आत्मघाती गोलले मेसीको टोलीलाई समयमै डुब्नबाट जोगायो ।

फ्लोरिडाको मियामी स्टेडियममा भएको राउन्ड अफ ३२ को यो खेल फाइनलकै झल्को दिने गरी रोमाञ्चक रह्यो। निर्धारित ९० मिनेट १-१ को बराबरीमा सकिएपछि अतिरिक्त समयमा पुगेको खेलमा अर्जेन्टिनाले अन्ततः ३-२ को कठिन जित निकाल्दै अन्तिम १६ को यात्रा तय गऱ्यो ।

खेलको २९औं मिनेटमा कप्तान लियोनेल मेसीले आˆनो परिचित शैलीमा उत्कृष्ट गोल गर्दै अर्जेन्टिनालाई अग्रता दिलाए। योसँगै मेसीले विश्वकप इतिहासमा आˆनो व्यक्तिगत गोल संख्या २० पुऱ्याउँदै अर्को ऐतिहासिक उपलब्धि पनि आˆनो नाममा लेखाए ।

तर दोस्रो हाफदेखि खेलको लय नै बदलियो । डराउनुपर्ने टोली काबो भर्डे होइन, अर्जेन्टिना बन्यो। ५९औं मिनेटमा डेरोय दुआर्तेले शानदार गोल गर्दै खेल १-१ मा ल्याएपछि स्टेडियमभर सनसनी छायो । त्यसपछि काबो भर्डेका गोलरक्षक वोजिन्हाले मेसीसहित अर्जेन्टिनाका लगातार प्रहार रोकेर विश्व च्याम्पियनलाई निराश बनाइरहे। उनले गरेको प्रदर्शन कुनै विश्वस्तरीय गोलरक्षकभन्दा कम थिएन ।

अतिरिक्त समयको दोस्रो मिनेटमा मेसीको कर्नरलाई सदुपयोग गर्दै लिसेन्ड्रो मार्टिनेजले गोल गरेपछि अर्जेन्टिना फेरि अघि बढ्यो। तर काबो भर्डे फेरि झुकेन। १०३औं मिनेटमा सिड्नी लोपेस काब्रालले डिबक्स बाहिरबाट गरेको शक्तिशाली प्रहार सिधै जाली चुम्दा स्कोर २-२ भयो र खेल पेनाल्टी सुटआउटतर्फ जाने संकेत देखिन थाल्यो ।

# अन्तिम १६ को समीकरण पूरा

दमक/ फिफा विश्वकप फुटबल २०२६ को नकआउट चरणका खेलहरू सकिएसँगै अन्तिम १६ (प्रि-क्वार्टरफाइन)को समीकरण पूरा भएको छ । अन्तिम ३२ का खेल सकिएसँगै प्रि क्वार्टरफाइलनको समीकरण टुंगो लागेको हो ।

अन्तिम ३२ को खेलमा सहआयोजक क्यानडाले दक्षिण अफ्रिकालाई पराजित गर्दा ब्राजिलले जापानलाई हराएको थियो । यस्तै, जर्मनीले पाराग्वे, मोरक्कोले नेदरल्यान्ड्स, नर्वेले आइभरी कोस्ट तथा फ्रान्सले स्वीडेनलाई हराएका छन् ।

यसैगरी, मेक्सिकोले इक्वेडर, इंग्ल्यान्डले कङ्गो, बेल्जियमले सेनेगल, अमेरिकाले बोस्निया एन्ड हर्जगोभिना, स्पेनले अस्ट्रिया, पोर्चुगलले क्रोएसिया, स्विट्जरल्यान्लण्ड अल्जेरियालाई पराजित गरे ।

यस्तै, आजै बिहान सम्पन्न खेलमा इजिप्टले अस्ट्रेलियालाई, अर्जेन्टिनाले केप भर्डेलाई तथा कोलम्बियाले घानालाई पराजित गरेर अन्तिम १६ मा स्थान पक्का गरेका छन् ।

यता, चार पटकको पूर्वविजेता जर्मनी, गत संस्करणमा तेस्रो भएको क्रोएसिया, दाबेदार मानिएको नेदरल्यान्ड्स, एसियन पावरहाउस जापान, अफ्रिकन डार्क हर्स सेनेगलजस्ता टोली नकआउट चरणबाटै बाहिरिएका छन् ।

**अन्तिम १६ मा कुन टिमले कोसँग खेल्दैछन् ?**

विश्वकप फुटबल अन्तर्गत अन्तिम १६ अन्तर्गत पहिलो खेल क्यानडा र मोरक्कोबीच हुँदैछ । यो खेल आज राति पौने ११ बजे सुरू हुनेछ ।

**पाराग्वे र फ्रान्स** ः आइतबार बिहान पौने ३ बजे ।

**ब्राजिल र नर्वे** ः सोमबार बिहान पौने २ बजे ।

मेक्सिको र इंग्ल्यान्ड : सोमबार बिहान पौने ६ बजे ।

**पोर्चुगल र स्पेन** ः मंगलबार बिहान पौने १ बजे ।

**अमेरिका र बेल्जियम** ः मंगलबार बिहान पौने ६ बजे ।

**अर्जेन्टिना र इजिप्ट** ः मंगलबार राति पौने १० बजे ।

**स्विट्जरल्यान्ड र कोलम्बिया** ः बुधबार बिहान पौने २ बजे ।

# नेपाली चलचित्र घर सुनसान बन्दै




दमक/ हलमा नेपाली फिल्म नील भएको छ । अघिल्ला निकट रिलिज डेटमा प्रदर्शनमा आएका फिल्महरु बक्स अफिसमा अकुपेन्सी लिन नसक्दा यो अवस्था आएको हो ।

अहिले हलमा ९ फिल्म हेर्न पाइन्छ तर ती सबै विदेशी हुन् । नेपाली भाषाका फिल्म हलमा छैनन् । अब हलमा नेपाली फिल्म हेर्न साउन १ कुर्नुको बिकल्प छैन । उक्त मितिमा नेपाली फिल्म 'गौथली' प्रदर्शनमा आउने बताइएको छ ।

असार-साउनमा यसै पनि कम फिल्म प्रदर्शनमा आउँछन् । विगतमा हेर्ने हो भने पनि धेरै वर्ष यी महिनामा नेपाली फिल्म हलमा नील भएको पाइन्छ । बर्खाको मौसम भएकाले यो समयमा मेकरहरु फिल्म प्रदर्शनमा ल्याउन उपयुक्त मान्दैनन् । अझ अहिले विश्वकप चलिरहेको छ । ठूलो संख्याका दर्शक विश्वकपमै केन्द्रित छन् । यो समयमा फिल्म प्रदर्शनमा नआउनु स्वभाविपक पनि हो ।

गत वर्ष जेन-जी आन्दोलन र चुनावका कारण रिलिज क्यालेन्डर भद्रगोल भएको थियो । सोहीकारण यो बर्खामा पनि फिल्महरु प्रदर्शनमा आउने अनुमान गरिएको थियो ।

फिल्महरु लगातार फ्लप भएपछि निर्माताहरु उपयुक्त मितिको पर्खाइमा रहेको बुझिन्छ । फ्लपका डरले निर्माताहरु पर्ख र हेरको अवस्थामा छन् ।


०८३ को असारको मध्यमा आइसक्दा एक दर्जन फिल्म प्रदर्शनमा आए । तर, एक फिल्म छोडेर सबै फ्लप भए । डिमान्डमा रहेका स्टार नायकहरु पनि बक्स अफिसमा लगातार फ्लप छन् ।

# अमिर खानको तेस्रो विवाह

एजेन्सी । बलिउडका सुपरस्टार आमिर खानले आˆनो विवाहको औपचारिक घोषणा गरेका छन् । मुम्बईमा आयोजित एक कार्यक्रममा बोल्दै उनले आगामी जुलाई ५ मा गौरी स्प्र्याटसँग वैवाहिक बन्धनमा बाँधिन लागेको जानकारी दिएका हुन् । ६० वर्षीय अभिनेता आमिरले यसै वर्ष आˆनो ६०औं जन्मदिनको अवसरमा पहिलोपटक गौरी स्प्र्याटलाई सार्वजनिक रूपमा मिडियासामु परिचय गराउँदै उनीहरूसँग प्रेम सम्बन्ध रहेको पुष्टि गरेका थिए । त्यसयता दुवैको विवाहबारे विभिन्न अड्कलबाजी भइरहेका बेला आमिरले अब विवाहको मिति नै सार्वजनिक गरेका छन् । यो आमिर खानको तेस्रो विवाह हुनेछ । यसअघि उनले रीना दत्तासँग पहिलो विवाह गरेका थिए । त्यसपछि फिल्म निर्माता किरण रावसँग दोस्रो विवाह गरेका आमिर पछि उनीहरूसँग पनि आपसी सहमतिमा सम्बन्धविच्छेद भएको थियो । सम्बन्धविच्छेदपछि पनि आमिर र किरण रावले पारिवारिक तथा व्यावसायिक सम्बन्धलाई सकारात्मक रूपमा अघि बढाइरहेका छन् ।

**दैनिक राशिफल**

आज मिति
२०८३ साल
असार २१ गते
आइतबार
5 July 2027
तिथि: पञ्चमी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | पढाईमा सामान्य बाधा पारिवारिक सहयोग मिल्ने । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | व्यापारमा सामान्य लाभ सन्तान अस्वस्थ हुने सम्भावना । |
| मिथुन | का कि कु घ ङ छ के को हा | सोचेको काममा रोकावट सरकार पक्षको भय । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | स्वास्थ्यको चिन्ता लेनदेनमा होस पुऱ्याउनु पर्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | प्रेममा बाधा व्यवसायबाट लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | गुप्त सत्रुको भय मावली पक्षको सहयोग जुट्न सक्ने । |
| तुला | रा री रु रे रो ता ती तु ते | हुन लागेको काममा बाधा मनमा अशान्ति र भय । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | सुख प्राप्तिमा अवरोध सामान्य आम्दानी हुने । |
| धनु | य यो भा भी भ धा फा ढ भे | साथीबाट धोका थकित र बेचैनको अवस्था रहने । |
| मकर | भो जा जी खि खू खे खो गा गी | धनमा विवाद शत्रु बढ्ने, बोल्दा होस गर्नुपर्ने । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | आम्दानी बढ्ने मिष्ठान्न भोजन जुट्न सक्ने । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आयआर्जनमा कठिन परिश्रम मानसिक चिन्ता बढ्ने । |

# इटहरी उवा संघमा चुनावी सरगर्मी





इटहरी / इटहरी उद्योग वाणिज्य संघको असार २७ गते हुने निर्वाचन नजिकिँदै जाँदा चुनावी सरगर्मी उत्कर्षमा पुगेको छ । अध्यक्ष पदमा कांग्रेस-एमालेको सहमतिमा अघि सारिएका नवराज काफ्ले र स्वतन्त्र उम्मेदवार गायत्री कटवाल भण्डारीबीच मुख्य प्रतिस्पर्धा हुने भएको छ । यसपटकको निर्वाचनलाई व्यवसायीहरूले नेतृत्व, कार्यशैली र संस्थाको भावी दिशाबारे हुने प्रतिस्पर्धाका रूपमा हेरेका छन् ।

उद्योग वाणिज्य संघभित्र देखिँदै आएको राजनीतिक प्रभाव कम गर्ने उद्देश्यले कांग्रेस र एमाले निकट व्यवसायीहरूले नवराज काफ्लेको नेतृत्वमा सहमतिको प्यानल बनाउने प्रयास गरेका थिए । तर नेतृत्वका आकांक्षीबीच सहमति जुट्न नसकेपछि निवर्तमान कोषाध्यक्ष तथा कांग्रेसबाट अध्यक्षको दाबेदार रहेकी गायत्री कटवाल भण्डारी स्वतन्त्र उम्मेदवारका रूपमा चुनावी मैदानमा उत्रिइन् ।

त्यसपछि चुनावी समीकरण पनि फेरिएको छ । काफ्लेलाई कांग्रेस-एमाले निकट व्यवसायीको साथ छ भने भण्डारीलाई नेपाल कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राप्रपा तथा कांग्रेसभित्रकै केही व्यवसायी समूहले समर्थन जनाएका छन् । यसअघि उद्योग वाणिज्य संघको निर्वाचनमा मुख्यतः कांग्रेस र एमाले अलग-अलग प्रतिस्पर्धामा उत्रने गरेका थिए । यसपटक ती दुई दलको सहकार्य भएपछि अन्य राजनीतिक धारसँग निकट व्यवसायीहरु स्वतन्त्र उम्मेदवारको पक्षमा उभिएका छन् ।

दुवै उम्मेदवारले आफ्नो जितको दाबी गरिरहेका छन् । भण्डारीले आफू इटहरीमै जन्मेर व्यवसाय गर्दै आएको, अघिल्लो निर्वाचनमा पनि अध्यक्षको प्रतिस्पर्धामा रहेको र उद्योग वाणिज्य संघमा पहिलो पटक महिला नेतृत्व स्थापित गर्ने अवसर आएको भन्दै व्यवसायीको साथ पाउने विश्वास व्यक्त गरेकी छन् । उनले आफ्नो उम्मेदवारीलाई कुनै दलको भन्दा पनि व्यवसायीको साझा आवाजका रूपमा व्याख्या गर्दै संस्थालाई राजनीतिक भागबन्डाबाट माथि उठाएर सेवा केन्द्रित बनाउन चाहेको बताएकी छन् ।

यता नवराज काफ्लेले भने व्यवसायीबीचको विभाजन अन्त्य गर्दै साझा नेतृत्व निर्माणका लागि सहमतिको प्यानल बनाइएको बताएका छन् । यसअघि काफ्ले नेतृत्वको प्यानलबाट एशोसिएट सदस्य विनोद पौडेल तथा वस्तुगत सदस्य सञ्जोग पराजुली र सुरेश कार्की निर्विरोध निर्वाचित भइसकेका छन् ।

# कंगोमा इबोला सङ्क्रमणको जोखिम

एजेन्सी/ लोकतान्त्रिक गणतन्त्र कंगोमा हाल इबोला सङ्क्रमण तिव्र भएको जनाइएको छ । एक हजार ५०२ जनामा सङ्क्रमण पुष्टि भएको घटनाहरु रिपोर्ट गरिएकोमा ४७३ जनाको मृत्यु भएको विश्व स्वास्थ्य संगठनले बताएको छ ।

डीआरसीका जनस्वास्थ्य अधिकारीहरुले शुक्रबार जारी गरेको पछिल्लो प्रतिवेदन अनुसार ६२८ जना इबोला सङ्क्रमित बिरामीहरु हाल अस्पतालमा भर्ना भएका छन् भने २२९ जना निको भएका छन् । यो बाहेक ६३ जनाको मृत्यु सहित कुल २९३ जना सङ्क्रमितको रिपोर्ट गरिएको छ ।

विश्व स्वास्थ्य संगठनले बुन्डिबुग्यो भाइरसको सङ्क्रमणले गर्दा हुने इबोला रोगको सम्भावित उपचारको मूल्यांकन गर्न डीआरसीमा बिरामीहरु भर्ना गर्न क्लिनिकल परीक्षण सुरु भएको जनाएको छ । जसको लागि हाल सम्म कुनै स्वीकृत खोप वा विशिष्ट उपचार पत्ता लागेको छैन ।

## कर्णालीमा फोर्स गाडीका चार यात्रु तीन दिनदेखि बेपत्ता

*दैलेख/ दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७ साङ्तेडास्थित कर्णाली राजमार्गमा फोर्स गाडी दुर्घटना भएको तीन दिन बितिसक्दा पनि चार यात्रुको अवस्था अज्ञात रहेको छ। असार १८ गते सुर्खेतबाट कालिकोटतर्फ जाँदै गरेको कर्णाली प्रदेश ०२-००१ ख १०५५ नम्बरको फोर्स गाडी सडकबाट करिब ४ सय मिटर तल कर्णाली नदीमा खसेको थियो।*

*दुर्घटनामा पचालझरना गाउँपालिका-९ का जेखे तिरुवाको शव सडकबाट करिब २ सय मिटर तल भिरमा अड्किएको अवस्थामा फेला परेको छ भने अन्य चार जनाको खोजी जारी छ। वर्षायामका कारण कर्णाली नदीमा पानीको बहाव बढ्नु, नदी धमिलो हुनु तथा भिरालो भूगोलका कारण खोजी तथा उद्धार कार्यमा कठिनाइ भइरहेको प्रहरीले जनाएको छ।*



**चर्खाबाट धागो तयार गरिँदै :** चर्खाबाट धागो तयार गर्दै दमक ६ की एक जना महिला । स्थानीय घरेलु उद्योगले चर्खाबाट तयार पारिएको धागोको माग बढेपछि यो वैकल्पिक पेशाले घरायसी जोहो टार्न मद्दत पुगेको छ ।

# इटहरीको जनता बस्तीमा करबारे विवाद

इटहरी/ सुनसरी क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य लालविक्रम थापाले इटहरी उपमहानगरपालिका-५ स्थित जनता बस्तीमा नागरिकबाट उठाइँदै आएको कर तथा शुल्कको कानुनी आधार सार्वजनिक गर्न माग गरेका छन् । उनले घरधुरी करका नाममा शुल्क उठाएर बहाल बिटौरी करको रसिद दिने कार्य कानुनसम्मत भए-नभएकोबारे स्पष्ट हुनुपर्ने बताएका छन् ।

सांसद थापाले जनता बस्तीका बासिन्दाको संविधानले सुनिश्चित गरेको आवासको अधिकारप्रति आफ्नो पूर्ण समर्थन रहेको उल्लेख गर्दै वास्तविक अव्यवस्थित बसोबासीले कानुनअनुसार अधिकार पाउनुपर्ने धारणा राखे । तर, अधिकार कार्यान्वयनका नाममा कानुनी आधारबिनै शुल्क उठाउन नहुने उनको भनाइ छ ।

उनले स्थानीय तहले बसोबासको निस्सा दिने प्रयोजनका लागि घरधुरी कर उठाउने र त्यसको सट्टा बहाल बिटौरी करको राजस्व रसिद दिने अभ्यास कुन कानुनअनुसार भइरहेको हो भन्ने प्रश्न उठाएका छन् । यस्तै, नागरिकबाट उठाइएको शुल्क कुन आर्थिक ऐन, स्थानीय राजपत्र, कार्यविधि वा संघीय कानुनका आधारमा संकलन गरिएको हो भन्ने विवरण सार्वजनिक गर्न उनले माग गरेका छन् ।

सांसद थापाले यदि संकलित राजस्व बहाल बिटौरी वा अन्य शीर्षकमा दाखिला गरिएको हो भने त्यसको कानुनी वर्गीकरण र वित्तीय कानुनसँगको सम्बन्ध पनि स्पष्ट पारिनुपर्ने बताए । कानुनी आधार भए त्यससम्बन्धी निर्णय, राजपत्र, आर्थिक ऐन, राजस्व शीर्षक तथा लेखा अभिलेख सार्वजनिक गर्न र आधार नभए प्रक्रिया तत्काल सच्याएर शुल्क उठाउने कार्य रोक्न उनले आग्रह गरेका छन् ।

बसोबासीको पहिचान आधुनिक प्रविधि र प्रमाणका आधारमा गर्न सकिने भन्दै सांसद थापाले विद्युत् र खानेपानीको महसुल, मतदाता नामावली, नागरिकता, विद्यालय तथा स्वास्थ्य संस्थाका अभिलेख, नापी नक्सा, जीआईएस तथा उपग्रहबाट प्राप्त विवरणलगायतका प्रमाण प्रयोग गर्न सकिने बताए। जग्गा किनबेच भएका घटनामा सम्बन्धित लिखत र अभिलेखको कानुनी परीक्षण हुनुपर्ने उनको भनाइ छ ।

**सुशासन...**दलीय भ्रातृ संगठन र ट्रेड युनियनको प्रभाव हटाउने तथा कर्मचारी एवं प्राध्यापकलाई दलगत राजनीतिबाट टाढा राख्ने कठोर नीतिले संस्थाहरूको स्वायत्तता फर्काउने सुखद संकेत गरेको सरकारको निष्कर्ष छ भने यसलाई एमाले, नेकपा लगायत पार्टीहरूले गलत कदम भनेका छन् ।

शिक्षा क्षेत्रमा त यो सय दिनको अवधिमा आमूल परिवर्तनका रेखाहरु कोरिएको दावि सरकारको छ । सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलका अनुसार मन्त्रालयले तोकिएका कार्ययोजनाका काम मात्र फत्ते गरेन, बरू अतिरिक्त ४२ वटा काम फत्ते गर्दै नतिजामुखी कार्यक्षमता प्रस्तुत गऱ्यो । परीक्षा परिणाम सार्वजनिक गर्ने निश्चित समयसीमा (एसईईको एक महिना, कक्षा १२ को ४० दिन र विश्वविद्यालयको ६५ दिनभित्र) तोकेर शैक्षिक क्यालेन्डर लागू गरिनु, कक्षा ५ सम्म वैकल्पिक मूल्यांकन प्रणाली अपनाइनु र वर्षौंदेखि अध्ययन बिदाका नाममा बेपत्ता भएका प्राध्यापकहरूबाट करिब ५० करोड रुपैयाँ राजस्व असुल हुनुले सरकार कुरामै अल्झनेभन्दा पनि परिणाममुखी काममा बढी केन्द्रित छ भन्ने बलियो नजिर स्थापित गरेको छ ।

यस्तै, प्रशासनिक क्षेत्रमा संघीय मन्त्रालयको संख्या घटाएर आर्थिक मितव्ययिता अपनाउनु तथा विगतमा मन्त्री र शीर्ष नेताहरु बढी व्यस्त हुने उद्घाटन, शिलान्यास र सम्मानजस्ता प्रचारमुखी फजुल कार्यक्रमहरु पूर्णतः बन्द गरिनुले शासकहरुको बदलिएको शैली झल्काउँछ । विगत २०४८ सालपछिका उच्च पदस्थ पदाधिकारीको सम्पत्ति छानबिन गर्न आयोग गठनको प्रक्रिया अघि बढाइनु र ठूलो संख्यामा राजनीतिक नियुक्तिहरु खारेज गरिनुले भ्रष्टाचार नियन्त्रणमा सरकारको दृढता देखाउँछ ।

यद्यपि, सरकारको यो आक्रामक कार्यशैलीमाथि प्रमुख राजनीतिक दलहरूका शीर्ष नेताहरूले भने मिश्रित र कडा आलोचनात्मक टिप्पणी गरेका छन् । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेताहरूले सरकारको संसदीय जवाफदेहिता र लोकतान्त्रिक मूल्यमान्यतामाथि प्रश्न उठाएका छन् । कांग्रेस नेताहरूका अनुसार प्रधानमन्त्री शाहले संसदमा हुने महिनाको पहिलो हप्ताको प्रश्नोत्तर सत्रलाई छल्ने र सदनमा उठाइएका नीति तथा बजेटसम्बन्धी प्रश्नहरूको सीधा सामना नगर्ने प्रवृत्ति भन्दै निन्दा गरेका छन्, जसले संसदीय सर्वोच्चतालाई केही हदसम्म नजरअंदाज गरेको देखिन्छ ।

त्यस्तै, नेकपा एमालेका महासचिव शंकर पोखरेलले वर्तमान सरकारको सय दिने कार्यकाल पूर्णतः असफल, निराशाजनक र विवादास्पद रहेको ठहर गरेका छन् । उनले सरकारले सय दिनमा सय काम गर्ने ठूला वाचा गरे पनि यथार्थमा सुशासनका सवालमा यो अवधि पूर्ण असफल रहेको दाबी गर्दै थिति बसाल्ने नाउँमा पूर्वाग्रह प्रेरित कदमहरु चालिएको टिप्पणी गरेका छन् ।

अर्कातर्फ, नेपाल कम्युनिष्ट पार्टीका नेता परमेश हमालले सरकारको राजनीतिक र कूटनीतिक अपरिपक्वता स्पष्ट देखिएको टिप्पणी गरेका छन् । काठमाडौंका नदी किनारका सुकुम्वासी बस्तीहरूलाई उचित विकल्प र मानवीय व्यवस्थापन विना नै बल प्रयोग गरेर हटाउन खोज्नु र सरकारको अनुगमन गर्ने संवैधानिक निकायहरूमाथि अनावश्यक दबाब सिर्जना गर्नुले सरकारमा कार्यक्षमता र राजनीतिक परिपक्वताको अभाव रहेको पुष्टि गर्ने तर्क उनले अघि सारेका छन् ।

यी तमाम विरोधाभास, दबाब र आलोचनाका बीच पनि बालेन्द्र शाह नेतृत्वको सरकारको यो पहिलो सय दिन परम्परागत थितिलाई भत्काएर नयाँ मानक स्थापित गर्ने दिशामा केन्द्रित रहेको देखिन्छ । प्रक्रियाहरूलाई डिजिटल र पारदर्शी बनाउने, सेवा प्रवाह पुनःसंरचना गर्ने र दलीय सिन्डिकेट तोड्ने प्रयासहरु आफैंमा सराहनीय छन् ।

सय दिन पुग्यो भनेर सरकार अब ढुक्कले बस्ने होइन । मुलुकमा सुशासन कायम गर्न र विधिको शासनको प्रत्याभूति दिलाउन सरकारले कुनै पनि शक्तिको दबाब वा डरको अगाडि नझुकी निडरताका साथ कदम चाल्नु अपरिहार्य छ । राजनीतिक पहुँच र शक्ति केन्द्रहरूको प्रभावका कारण वर्षौंदेखि ओझेलमा परेका विगतका ठूला र चर्चित घोटाला काण्डहरूको फाइल खोल्ने आँट सरकारले देखाउनै पर्छ । जबसम्म शक्तिशाली व्यक्तिहरु जोडिएका भ्रष्टाचारका मुद्दाहरूलाई निष्पक्ष छानबिन गरी तार्किक निष्कर्षमा पुऱ्याइँदैन, तबसम्म राज्यका संयन्त्रहरु र कानुनमाथि आम नागरिकको विश्वास फर्किन सक्दैन । त्यसैले, राजनीतिक स्वार्थ र दलीय भागबन्डाभन्दा माथि उठेर, साहसिक एवं कठोर निर्णय लिँदै भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीतिलाई व्यवहारमै उतार्नु नै आजको राष्ट्रिय आवश्यकता हो ।

विपक्षी दलहरूले उठाएका संसदीय जवाफदेहिता, मानवीय व्यवस्थापन र राजनीतिक परिपक्वताका सवालहरूलाई आत्मसात् गर्दै सुरु गरिएका सुधारका जगहरूलाई संस्थागत रूप दिनु नै यो सरकारको आगामी कार्यकालको वास्तविक परीक्षा हुनेछ ।

**बर्डफ्लु....**प्रभावकारी बनाउन विभागका उपमहानिर्देशकको नेतृत्वमा बर्डफ्लु रोग नियन्त्रणकक्ष स्थापना गरिएको छ । संघ, प्रदेश र स्थानीय तहसँग समन्वय गरी प्रभावित क्षेत्रमा नियन्त्रण तथा निगरानीका कामलाई तीव्रता दिइएको विभागले जनाएको छ ।

**एउटै...**गाउँपालिकाका अध्यक्ष समरबहादुर अधिकारीले बताए । यसैगरी बाढी पहिरोले अलैँची खेतीमा क्षति पुऱ्याउँदा कृषक मारमा परेका छन्। बालीनाली तथा खेतीयोग्य जमिनमा पुगेको क्षतिको विवरण संकलन भइरहेको वडाध्यक्ष सुहाङले बताए ।

**प्राकृतिक...**रुपमा प्रभावित बनेका छन् । पहिरोका घटनामा परी ७३ जनाको मृत्यु भएको छ भने पाँच जना बेपत्ता भएका छन् । बाढीका २८९ घटनामा ३२ जनाको ज्यान गएको छ भने सात जना बेपत्ता भएका छन् ।

यसैगरी ४०१ वटा चट्याङका घटनामा ३७ जनाको मृत्यु भएको छ भने २४४ जना घाइते भएका प्रवक्ता महतले जानकारी दिइन् । उनका अनुसार सर्पदंशका कारण ७०, जनावर आतंकबाट ५९ र लेक लागेर ५१ जनाको ज्यान गएको छ ।

प्रवक्ता महतले हावाहुरीका कारण ९८, भारी वर्षाका कारण नौ, हिउँपहिरोमा परी सात र डुङ्गा पल्टिँदा दुई जनाको ज्यान गुमाएको जानकारी दिइन् । यस अवधिमा भएका विभिन्न विपद्का घटनाबाट देशमा कुल दुई अर्ब छ करोड ४७ लाख ७३ हजार १२८ बराबरको अनुमानित आर्थिक क्षति भएको छ ।

**एसियन...**शुरु गरिने पूर्वी खण्डले जनाएको छ । पुलहरूमा प्रिकास्ट ग्रिडरहरू क्रेनले लन्चिङ गर्ने कार्य भइरहेको छ ।

पहिलो प्याकेजअन्तर्गत सडकको ठेक्का लगाइएको थियो भने चौथो प्याकेजअन्तर्गत ३०० मिटरभन्दा लामा तीनवटा पुलहरू निन्दा, बिरिङ र कन्काईको ठेक्का लगाइएको थियो । ५ अर्ब ९७ करोड रुपैयाँमा कोभेक-क्रेजसी-टुन्डी जेभीले ती तीनवटा पुलको ठेक्का पाएका हुन् ।

दुवै ठेक्काको संभौता मिति २०८० कात्तिक २ गते र निर्माण सम्पन्न गर्नुपर्ने मिति कार्य प्रारम्भ मितिबाट ३ वर्षभित्र रहेको छ । काँकडभिट्टादेखि केर्खा सितापुरीसम्मको ४५ किलोमिटर सडक एम्बासोन-कालिका जे.भी.ले १० अर्ब ६ करोड रुपैयाँमा ठेक्का लिएका हुन् । उनीहरूले २०८० माघ १९ गतेदेखि काम शुरु गरेका थिए ।

**दुग्ध....**रुपैयाँ रहेको थियो । त्यसमध्ये करिब ४१ करोड रुपैयाँ भुक्तानी भइसकेको र बाँकी रकम पनि चरणबद्ध रूपमा उपलब्ध गराउने प्रक्रिया अघि बढाइएको उनले बताए ।

## आयोगमा ११ हजारभन्दा बढी उजुरी

दमक/ सरकारका प्रवक्ता तथा शिक्षा एवं खेलकुद मन्त्री सस्मित पोखरेलले सरकारले गठन गरेको सम्पत्ति छानबिन आयोगमा हालसम्म ११ हजारभन्दा बढी उजुरी प्राप्त भएको बताएका छन् । सरकारको सय दिने उपलब्धि सार्वजनिक गर्ने क्रममा उनले आयोगले प्राप्त उजुरीमाथिको आवश्यक प्रक्रिया अघि बढाइएको जानकारी दिए ।

मन्त्री पोखरेलका अनुसार मन्त्रिपरिषद्ले सार्वजनिक जग्गा छानबिन तथा संरक्षणसम्बन्धी रावल आयोग गठन गर्ने निर्णयसमेत गरिसकेको छ । साथै, शासकीय संरचनालाई थप प्रभावकारी र व्यावहारिक बनाउन ३१ वटा निकाय खारेज, ६ वटा निकाय आपसमा मर्ज गर्ने, ६ वटा निकाय हस्तान्तरण गर्ने र १८ वटा निकाय पुनर्संरचना गर्ने निर्णय गरिएको उनले बताए ।

सरकारले आफ्नो पहिलो मन्त्रिपरिषद् बैठकबाट पारित गरेको शासकीय सुधारसम्बन्धी १०० कार्यसूची अन्तर्गत सार्वजनिक पद धारण गरेका राजनीतिक नेतृत्व र उच्चपदस्थ कर्मचारीको सम्पत्ति छानबिनलाई प्राथमिकतामा राखेको थियो। सोही कार्यसूचीअनुसार २०४८ सालदेखि हालसम्म सार्वजनिक पदमा रहेका व्यक्तिको सम्पत्ति छानबिनका लागि अधिकारसम्पन्न आयोग गठन गर्ने व्यवस्था गरिएको हो ।

कार्ययोजनाअनुसार आयोगले पहिलो चरणमा २०६२/६३ देखि २०८२/८३ सम्म सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीहरुको सम्पत्ति विवरण संकलन, प्रमाणीकरण र छानबिन गर्नेछ । त्यसपछि दोस्रो चरणमा २०४८ सालदेखि २०६१/६२ सम्म सार्वजनिक पदमा रहेका राजनीतिक पदाधिकारी तथा कर्मचारीको सम्पत्ति विवरणको अध्ययन र छानबिन गरिने सरकारको योजना छ ।

## बस दुर्घटना हुँदा ९ जना घाइते

दमक/ जनकपुरबाट पोखरातर्फ जाँदै गरेको ना ६ ख ७४५७ को यात्रुवाहक बस दुर्घटना हुँदा ९ जना घाइते भएका छन् । हेटौंडा-वीरगन्ज सडक खण्डको हेटौंडा उपमहानगरपालिका वाड नं १५ को रातोमाटे चेक प्वाइन्ट नजिकै बस दुर्घटना भएको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार दुर्घटनामा परेका यात्रुहरूलाई स्थानीय र प्रहरीले उद्धार गरेका थिए । गम्भीर घाइते नौ जनालाई थप उपचारको लागि हेटौंडा अस्पताल पठाइएको छ । बसमा ३५ जना यात्रुहरु सवार रहेको र अन्य यात्रुहरु सामान्य रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक माधवप्रसाद काँ लेले जानकारी दिए ।

## सुकुमवासी परिवारलाई राहत

दमक/ सरकारले काठमाडौंका विभिन्न सुकुमवासी बस्तीबाट विस्थापित भएका ४६५ परिवारलाई राहत रकम प्रदान गरेको छ। सरकार गठनको सय दिन पूरा भएको अवसरमा शनिबार आयोजित पत्रकार सम्मेलनमा विस्थापित सुकुमवासी परिवारमध्ये ४६५ परिवारलाई राहत रकम प्रदान गरिएको जानकारी दिइएको हो ।

सरकारका अनुसार उनीहरूलाई ५ जेठमा मन्त्रिपरिषद् बैठकले गरेको निर्णयअनुसार प्रति परिवार २५ हजार रुपैयाँका दरले राहत रकम प्रदान गरिएको जानकारी दिइएको हो ।

११ वैशाखमा सहरी विकास मन्त्रालयले गरेको निर्णय अनुसार काठमाडौंका १७ सुकुमवासी बस्तीबाट दुई हजार ६०८ परिवार विस्थापनमा परेका थिए ।

ती मध्ये ३८८ परिवारलाई सरकारले विभिन्न 'होल्डिङ सेन्टर' मा राखेको छ । विस्थापनमा परेका दुई हजार २२० परिवार 'होल्डिङ सेन्टर' भन्दा बाहिर नै रहेका पत्रकार सम्मेलनम जानकारी गराइएको छ।

# लागूऔषधविरुद्ध अभियानमा भारतीय प्रहरीको साथ

दमक/ लागूऔषधविरुद्ध झापा अभियान आक्रामक रूपमा संचालन गरिरहेको झापा प्रहरीलाई भारतीय प्रहरीले पनि साथ दिएको छ । सीमापारिको लागूऔषध तस्करीकै कारण झापा लागूऔषधको देशभरिकै ट्रान्जिट पोइन्ट बनेको छ ।

लागूऔषधको संकटको मुख्य जरो भारतसंगको खुल्ला सीमा रहेको छ । भारतीय सीमावर्ती क्षेत्र पानीट्यांकी, गलगलिया, दिघलबैंक लगायतका क्षेत्रबाट झापामा लागूऔषध आपूर्ति हुने गरेको छ ।

भारतीय सीमावर्ती क्षेत्रमा रहेका लागूऔषधको अखडामाथि भारतीय प्रहरीले निगरानी बढाएको छ । खुला सीमा नाकाका कारण भारतबाट लागूऔषध ब्राउन सुगर दैनिक भित्रिरहँदा भारतीय सुरक्षा निकायले केही दिनअघि तीन जना कारोबारीलाई करिब साढे २३ लाख नेपाली रुपैयाँसहित पक्राउ गरेको थियो । भारतीय सुरक्षा निकायले ब्राउन सुगर नेपाल सप्लाई गर्ने तयारी गरिरहेको गोप्य सूचनाको आधारमा किशनगञ्ज जिल्ला अन्तर्गत गलगलिया र दिघलबैंक क्षेत्रमा छापा मारेर ६२३ ग्राम ब्राउन सुगर बरामद गरेको थियो ।

भारत विहारको किशनगञ्ज प्रहरीले लागूऔषध विरुद्धको विशेष अभियान जारी राखेको छ । जिल्ला प्रहरी किशनगञ्जले एक प्रेस विज्ञप्ति जारी गरी लागूऔषधमुक्त किशनगञ्जको लागि पूर्ण प्रतिबद्धताका साथ काम गरिरहेको जनाउँदै कुनै पनि नागरिकले किशनगञ्ज प्रहरीको एनटीएफ हेल्पलाइन नम्बर ९०३१८९६१५० मा लागूऔषध सम्बन्धी जानकारी दिन सक्ने र सूचना दिने व्यक्तिको पहिचान पूर्ण रूपमा गोप्य राखिने बताएको छ ।

केही दिनदेखि झापामा लागूऔषधको कारोबार घटेको वडा प्रहरी कार्यालय भद्रपुरका प्रहरी निरीक्षक मोतीलाल तामाङले बताए ।

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५८०२७२, प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल